नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर
नेपाल।

प.स. २०८१/८२ च.नं. ४०१

मिति: २०८१/०९/१९

प्रेस विज्ञप्ति

विषय: अभियोगपत्र दायर गरिएको।

राजस्व अनुसन्धान कार्यालय, पथलैया, बाराबाट जिल्ला प्रहरी कार्यालय, मकवानपुरको प्रहरी प्रतिवेदनसमेत अनुसन्धानको लागि पेश भएको ८२४३.९७० ग्राम बिलविजक बिनाको सुनको विस्तृत अनुसन्धान सम्पन्न गरी सम्मानित उच्च अदालत पाटन, हेटौंडा ईजालसमा मिति २०८१/०९/१८ मा अभियोग पत्र दर्ता गरेको छ। अभियोगपत्रमा प्रतिवादीहरु भारतीय नागरिकहरु अभिषेक अजिनाथ कुटे, राहुल विट्ठल बाड, राहुल गोरख दगडे, हन्मन्त विट्ठल मोरे तथा नेपाली नागरिक जिल्ला काभ्रेपलाञ्चोक, मण्डनदेउपुर नगरपालिका वडा नं. ०९ बस्ने वर्ष २१ को आयुष सापकोटा, जिल्ला काभ्रेपलाञ्चोक, पनौति नगरपालिका वडा नं. १ बस्ने वर्ष ४३ को रविन्द्र वाइवा तामाङ, जिल्ला पर्वत, जलजला गा.पा. वडा नं. ०५ बस्ने वर्ष २५ को विनोद पुनलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ विपरीतको कार्य गरी ऐ. ऐनको दफा ४(ख),(छ) र (झ) को कसुरमा ऐ. ऐनको दफा २(छ१) बमोजिम बिगो रकम रु. १२,१२,९३,७२८।६५ (बाह करोड बाह लाख त्रियानब्बे हजार सात सय अट्ठाइस रुपैंया पैसट्ठी पैसा) कायम गरी ऐ.ऐनको दफा २३(१) बमोजिम बिगो जफत गरी बिगोको शतप्रतिशत जरिवाना गरी हुन आउने जम्मा रु. २४,२५,८७,४५७।३० (चौबीस करोड पच्चीस लाख सतासी हजार चार सय सन्ताउन्न रुपियाँ तीस पैसा) र ऐ.ऐनको दफा २३(१)(घ) बमोजिम हदैसम्मको कैद सजायसमेतको मागदाबी लिई उच्च अदालत पाटन, हेटौंडा ईजालसमा अभियोग पत्र दर्ता गरिएको छ।

त्यसैगरी राजस्व अनुसन्धान कार्यालय पथलैयाबाट जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रहरी प्रतिवेदनसहित अनुसन्धानको लागि पेश हुन आएको बिलविजक बिनाको ४९१.१३ ग्रामको सुनको सम्बन्धमा विस्तृत अनुसन्धान सम्पन्न गरी मिति २०८१/०९/१२ मा सम्मानित उच्च अदालत पाटन, हेटौंडा ईजालसमा अर्को अभियोग पत्र दर्ता गरेको छ। अभियोगपत्रमा प्रतिवादीहरु देश भारत, बिहार राज्य, जिल्ला फुलवारिया बस्ने वर्ष ५० को सुजित सराफ र जिल्ला सप्तरी, राजविराज नगरपालिका वडा नं. १ बस्ने अं. वर्ष ३६ की सोनी कुमारी शाहलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ विपरीतको कार्य गरी ऐ. ऐनको दफा ४(ख), (छ) र (झ) को कसुरमा दफा २(छ१) बमोजिम कायम गरिएको बिगो रकम रु. ६७,३४,३७९/४७ (सतसट्ठी लाख चौतीस हजार तीन सय उनासी रुपियाँ सतचालीस पैसा) ऐ. ऐनको दफा २३(१) बमोजिम जफत गरी शतप्रतिशत जरिवाना सहित कायम हुन आउने जम्मा रु. १,३४,६८,७५८।९४



Scanned with CamScanner

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

नेपाल।

प.स. २०८१/८२ च.नं. ४०१

(एक करोड चौतीस लाख अठसट्ठी हजार सात सय अन्ठाउन्न रुपियाँ चौरानब्वे पैसा) र ऐ. ऐनको दफा २३(१)(क) बमोजिम हदैसम्मको कैद सजायसमेतको मागदाबी लिई उच्च अदालत पाटन, हेटौंडा ईजालसमा अभियोग पत्र दर्ता गरिएको छ।

(दुवै अभियोगपत्रहरुमा विगो र जरिवाना समेत गरी कुल जम्मा रु. २५,६०,५६,२१६।२४ (पच्चीस करोड साठी लाख छपन्न हजार दुई सय सोह्र रुपियाँ चौबीस पैसा) र हदैसम्मको कैद सजायको मागदावी लिई उच्च अदालत पाटन, हेटौंडा ईजालसमा अभियोग पत्र दर्ता गरिएको छ।)

२०८१/०५/१६

प्रवक्ता

उपमहानिर्देशक

कृष्ण कुमारी श्रेष्ठ



Scanned with CamScanner